पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
कृषि विकास शाखा

दुर्गाफाँट, अर्घाखाँची
Durgafant, Arghakhanchi
प्रदेश नं. ५, नेपाल
Province No. 5, Nepal

पत्र संख्या/Letter No.:
चलानी नं./Ref. No.:

मिति/Date:

## साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सुचना

प्रथम पटक प्रकाशित मिति २०७७।०६।२५

पाणिनी गाउँपालिकाको आ.व २०७७।०७८ को बार्षिक स्विकृत कार्यक्रम अनुसार राष्ट्रिय तथा स्थानिय महत्वका खाद्ध तथा पोषण सुरक्षामा टेवा पुर्याउने वालि वस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनका लागि तोकिएको वालि वस्तुमा पकेट निर्माण गर्न ईच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उधमीले मिलेर वा छुट्टाछुट्टै निर्धारीत ढाचामा आवेदन/प्रस्ताव तयार गरी आवश्यक कागजातहरु सहित सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र अर्थात (मिति २०७७।०७।२४ भित्र) यस पाणिनी गाउँपालिकाको कार्यालयमा कार्यालय समयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । आवेदन फारम यस कार्यालय र सम्बन्धित वडा कार्यालयमा समन्वय गरि तथा कार्यालयको वेभ साइट **www.paninimun.gov.np** बाट प्राप्त गर्न सकिने व्याहोरा अनुरोध छ ।

| विवरण | साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको मापदण्डहरु |
|---|---|
| वालि तथा क्षेत्रफल/संख्या | राष्ट्रिय तथा स्थानिय महत्वका वालि खाद्यान्न वालिहरुमा न्युनतम १५ हेक्टर (३०० रोपनी), फलफुल वालिहरुमा न्युनतम ७ हेक्टर (१४० रोपनी), आलु तथा तरकारी वालिमा न्युनतम ७ हेक्टर (१४० रोपनि) क्षेत्रफलमा खेति गर्नुपर्ने<br>बाख्रापालनमा न्युनतम १००० वटा बाख्रापालन गर्नुपर्ने |
| लक्ष्य | जम्मा ५ वटा |
| अनुदान सिमा | प्रतिपकेट रु ६ लाख अनुदान (५० प्रतिशत), बाख्रा पकेटको लागि रु १५ लाख अनुदान (५० प्रतिशत) |
| उपलब्ध हुने सुबिधा | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना 'परियोजना कार्यान्वयन म्यानुअल २०७७' को उपदफा ४.१.९.२ अन्तर्गतको तालिका २ मा तोकिए बमोजीमको कार्यक्रमहरु छनोट गरि संचालन गरिनेछ । |
| पकेट कार्यक्रम संचालन हुने वालि र वडा | मकै - वडा नं. १, आलु - वडा नं. ६, सुन्तला - वडा नं. ५, धान- वडा नं. ३ को भल्लाकुन/सुन्टीकी/दाङ्जाफाँट, बाख्रापालन- वडा नं. २ (साविक वडा नं. ७,८,९), वडा नं. ४ ( साविक वडा नं. ५, ६), वडा नं. ५ (साविक वडा नं. ८, ९) र वडा नं ८ (साविक वडा नं. १, २) |

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. रु १० को टीकट टास गरि अनुसुची ६ बमोजीमको आवेदन फारम
२. कृषक समुह/कृषि सहकारी/कृषि उधमी दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी
३. समुह संस्थाको पान नं दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. निवेदकको जेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
५.न्युनतम क्षेत्रफल बराबरको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी वा भाडामा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा
६. कृषक समुह /सहकारीको कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी
७. अनुसुची ७ बमोजीमको पकेट क्षेत्र मागको लागि आधारभुत तथ्याङ्क फारम

मैघराज
मैघराज पौडेल
अधिकृतस्तर छैठौ
मैघराज पौडेल
अधिकृत स्तर छैठौ